बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्विनी प्रदेश, नेपाल

## लिलाम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७९-१२-०८

बाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाणगंगा वडा नं. १० मा रहेको साविक पटना गाविसको भवन जलेर हाल जिर्ण अवस्थामा रहेको र प्रयोग गर्ने अवस्थामा समेत नभएको हुदाँ हाल जे जस्तो अवस्थामा भवन रहेको छ सोहि अवस्थाको भवन भत्काउने र भत्केर रहेको अवशेष पनि आफैले व्यवस्थापन गर्ने गरि यो लिलाम बिक्रिमा भाग लिन चाहने इच्छुक व्याक्ति, फर्म वा संस्थाले शिलवन्दी लिलाम बढाबढ फारम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | लिलाम हुने सामानहरू | न्यूनतम मूल्य रु | लिलाम बढाबढ फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| ६३/७९-८० | पुरानो पटना गाविस भवन | ९८,२६५.९० (मू.अ.कर. सहित) | १०००।- | |

१. लिलाम बढाबढ फारम दस्तुर वापत रु १०००।– (एक हजार मात्र ) कृषि विकास बैंक जितपुर शाखाको नगरको आन्तरिक राजश्व खाता ०४१५६०१६१७१८८०१४ पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको मितिले २०७९।१२।१४ गते कार्यलय समयभित्र लिलाम बढाबढ फाराम खरिद गरि मिति २०७९।१२।१५ गते दिनको १२:०० बजेभित्र यस कार्यालय र वडा नं. १० को कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। उक्त लिलाम बढाबढ फारम यस कार्यालयको राजश्व शाखा र वडा नं. १० को कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. इच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपि, आ.व. २०७८/ ७९ सम्मको कर चुक्ता प्रमाणपत्र र व्याक्तिको हकमा प्यान नं र नेपाली नागरिकताको प्रतिलिपि सहितको निवेदन यस कार्यलयमा पेश गर्नुपर्नेछ।

३. लिलाम बढाबढ फारम दाखिला गर्दा खाममा लिलामदाताको नाम थर, ठेगाना, फोन नं. समेत खुलाई लाहाछाप लगाई शिलबन्दी गरी पेश गर्नुपर्नेछ।

४. लिलाम बढाबढ फारम साथ आफूले कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम कृषि विकास बैंक, जीतपुर शाखामा रहेको ०४१५६०१२९५६५६०१७ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

५. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईनेछैन।

६. दर्ता भएको लिलाम बढाबढ मिति २०७९।१२।१५ गते दिनको १:०० बजे बाणगंगा नगरपालिकाको कार्यालय, बाणगंगा , कपिलवस्तुमा खोलिनेछ र लिलामा भाग लिने व्याक्ति, फर्म वा संस्थाले उपस्थित नभए पनि शिलबन्दी फारम खोल्न बाधा पर्ने छैन।

७. लिलामसम्बन्धी शिलबन्दी पत्र स्विकृत भएपछि २५ दिनभित्र कबोल रकम दाखिला गरी सामान उठाई लैजानुपर्नेछ अन्यथा रद्द गरी धरौटी जफत गरिनेछ।

८. लिलाम हुने मालसामान हेर्न चाहनेले हाल वडा नं १० को कार्यालय अगाडि रहेको भवन कार्यालय समयमा हेर्न सकिनेछ।

९. लिलाम गरिने मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ।

१०. लिलाम स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

११. यसमा नपरेका शर्तहरू प्रचलित ऐन नियम बमोजिम हुनेछन्।

प्रमुख प्रशासकीय अधिकृत